# *विद्यालयका नेतृत्ववर्गले परिवारहरुसंग साझा गर्ने समाचार पुस्तिकाको सामग्री*

विद्यार्थीहरु अब विद्यालयमा फर्कन थालेपछि हामीले एक अर्कालाई सम्मान गर्नु र दयालु हुनु महत्वपूर्ण हुन्छ। हाम्रो स्कूल समुदाय बच्चाहरुका लागि सिक्न र फस्टाउन एक सुरक्षित र सकारात्मक ठाउँ बनाउनु यो विद्यालयको नेतृत्व टोलीको लागि महत्वपूर्ण छ। सुरक्षित र सम्मानजनक वातावरण बनाउन सबैको भूमिका हुन्छ। हाम्रो विद्यालयलाई निरन्तर सबैले सुरक्षित महसुस गर्ने र सबैको धारणा सुन्ने ठाँउ बनाउन सुनिश्चित गर्नलाई हामी तपाईंको सहयोग चाहन्छौं।

शिक्षा र प्रशिक्षण विभाग (Department of Education and Training) ले एक [link] जारी गरेको छ जसमा भिक्टोरियाका स्कूल समुदायहरुमा अभिभावक, हेरचाहकर्ता र अन्य वयस्कहरुबाट अपेक्षित सकारात्मक व्यवहारको वर्णन गरिएको छ। यो नीतिले विद्यार्थी, कर्मचारी र वयस्कहरुको लागि सुरक्षित, सम्मानजनक र समावेशी शिक्षाको वातावरण बनाउनको लागि व्यवहारको स्पष्ट मापदण्ड तय गरेको छ।

हाम्रो विद्यालय समुदायमा सुरक्षित र सम्मानजनक सम्बन्धहरु कायम गर्न मद्दत गर्नको लागि अन्य संसाधनहरु पनि उपलब्ध छन्। जस्तै, विद्यालयमा संलग्न हुने बारेमा जानकारी, आफ्ना चासो वा गुनासो कसरी राख्ने भन्ने बारे सुझाव, र बच्चाको लालनपालनमा सहयोग गर्ने संसाधनहरु। तपाईं यी नयाँ नीति र अन्य संसाधनहरु [LINK TO PARENT PAGE] पाउन सक्नुहुन्छ।

तपाईंले पनि हाम्रो स्कूल वरिपरि सकारात्मक व्यवहारलाई प्रवर्धन गर्ने एउटा [link] पनि देख्न सक्नुहुन्छ।

हाम्रो विद्यालयमा कसरी सकारात्मक ढंगले संलग्न हुने भन्ने बारे थप जानकारीको लागि, कृपया *[insert Principal's name and contact details]* लाई सम्पर्क गर्नुहोस् ।

[Principal signature]